"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

प.सं.

च.नं.

## कवाडी मालवस्त निकासी कर उठाउने कार्यको बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०४/२३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम दुई आर्थिक वर्षका (२०८२/०८३ को बाँकी अवधि र ०८३/०८४) का लागि कवाडी मालवस्तु निकासी कर उठाउने कार्यको ठेक्का प्रकृयाबाट वन्दोवस्ति गर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१ निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.३०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको नगदी रसिद वा सक्कलै भौचर, फर्म दर्ताको प्रमाणपत्र, आ.व.२०८०/०८१ को आयकर चुक्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय सम्म यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम लिन गर्न सकिनेछ ।

२ मू.अ.कर बाहेकको न्युनतम अंक देहाय बमोजिम रहेको छ । बोलपत्र दाखिला गर्दा आँफुले बुझाउन कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

विवरण

| ठेक्का नं. | कामको विवरण | न्युनतम अंक रु. (मू.अ. कर बाहेक) | धरौटी रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| आय-०१।२०८२।०८३ | आ.व.२०८२/०८३ को बाँकी अवधि र ०८३/०८४) का लागि कवाडी मालवस्तु निकासी कर उठाउने कार्य | ५५,००,०००।०० | मू.अ. कर सहितको कबोल रकमको ५% ले हूने रकम | ३,०००।०० |

३ बोलपत्रसाथ आँफुले कबोल गरेको अंकमा मू.अ.कर जोडी हुन आउने रकमको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा बोलपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न बाधा पर्नेछैन ।

५ बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६ आँफुले कबोल रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन दिईनेछ । यस्तो छुट दिँदा दाखिला गर्ने रकम न्युनतम अंक भन्दा घटी हुनेगरि दिईनेछैन । कबोल रकम किस्ताको रुपमा दाखिला गर्न चाहेमा २५% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत दाखिला गर्नुपर्नेछ । बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०८३ चैत्र मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ । दाखिला गर्न बांकी रकम मध्ये दोस्रो २५% किस्ता रकम २०८२ फागुन मसान्त, तेस्रो २५% किस्ता रकम ०८३ श्रावण मसान्त र अन्तिम २५% किस्ता रकम ०८३ फागुन मसान्त भित्र दाखिला गर्नुपर्नेछ ।

७ न्युनतम अंकमा मू.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्फौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर बापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर बापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

८ ठेक्का अवधि २०८४ आषाढ मसान्त सम्म हुनेछ । तर सम्फौताका शर्त उल्लंघन भएमा कार्यालयले बिचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९ बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१० करको दररेट सम्फौतासाथ उपलब्ध गराईनेछ । कर संकलन गर्दा उक्त दरमा १३% ले थप गरि संकलन गर्नुपर्नेछ ।

११ कवाड मालवस्तु निकासी कर संकलन गर्दा कवाड संकलन केन्द्रबाटै संकलन गर्नुपर्नेछ । राजमार्ग वा सहायक मार्गमा तगारो राखी कर असुल गर्न पाईने छैन ।

१२ नगरपालिकाले अनुमति दिएका फोहरमैला संकलन/प्रशोधन एवं व्यवस्थापन केन्द्रले संकलन बिक्री गर्ने कवाडी सामानमा यो कर लगाउन पाईनेछैन ।

१३ बोलपत्रदाताले कवाड मालवस्तु निकासी करको दररेट उल्लेख गरेको होडिङबोर्ड तयार गरी सबैले देख्ने गरी संकलन केन्द्रमा जडान गर्नपर्नेछ ।

१४ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह